## द टाइम्स् माध्यमिक विद्यालय
डिल्लीबजार, काठमाडौं
दोस्रो एकाइ परीक्षाः २०७६

| | | |
|---|---|---|
| कक्षाः १२ | समूह क | पूर्णाङ्क : २५ |
| सङ्कायः विज्ञान | | उत्तीर्णाङ्क : १० |
| विषय : नेपाली | | समय : ४५ मि. |

**१. उच्चारण प्रयत्न र प्राणत्वका आधारमा तलका वर्णलाई चिनाउनु होस् :** (५)

ख च म ल ह

२. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

**क) तलका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस् :** (२)

उपसर्ग : अप, परा,

प्रत्ययः इलो, आइ

**ख) तलको अनुच्छेदबाट ६ वटा सन्धि युक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :** (३)

नेपालको प्राकृतिक सौन्दर्यको अवलोकन गर्न पर्यटक यहाँ आउँछन् र नेपालीको स्वागत, सत्कार र आतिथ्यदेखि खुसी हुँदै उनीहरू हँसिलो अनुहार लगाई अत्यावश्यक सामान किनेर आफ्नो मुलुक फर्कन्छन् भनेर ठुल्यामाले उल्लाई सुनाउनुभयो ।

३. **तलका वाक्यहरुलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्:** (५)

ऊ रामेछापमा जन्मेको छ । उसले एम .ए परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेको छ । ऊ क्याम्पसमा प्राध्यापन गर्न आएन । उसकी महिला साथी छे । ऊ अहिले बिदेशमा पढाउँदै छे ।

४. **तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :** (५)

सुनखनी, म फूलसँगै राखेर मनुष्यलाई हेर्छु । मनुष्यका पीडारुपी जीवन हेर्छु । म मेरो गाउँ हेर्छु र देश हेर्छु । म मेरो देशका टुक्राटुक्रामा तिम्रै जीवन पाउँछु र तिम्रै तिम्रै पीडा देख्छु । त्यसैले सुनखानी, तिमी मेरो देश हेर्ने ऐना । तिमी मेरो जीवनको आस्था । तिमी मेरो सानो देश र सानो संसार नै हौ ।

**प्रश्नहरू :**

अ) निबन्धकारले मानिसलाई फूलसँग दाँजेर हेर्नुको कारण के हो ?
आ) निबन्धकारले सुनखानीको चित्रण कसरी गरेकी छन् ?
इ) निबन्धकारले सुनखानीलाई किन माया गरेकी हुन् ?
ई) 'तिमी मेरो देश हेर्ने ऐना' भन्नुको तात्पर्य के हो ?
उ) देश र सुनखानीका बिच कस्तो सम्बन्ध रहेको छ ?

५. 'मानुषी' कवितामा नारी र पुरुषबिच देखाइएका समानता र भिन्नताप्रति आफ्नो प्रतिक्रिया दिनुहोस् । (५)

समाप्त

## द टाइम्स् माध्यमिक विद्यालय
डिल्लीबजार, काठमाडौं
दोस्रो एकाइ परीक्षाः २०७६

| | | |
|---|---|---|
| कक्षाः १२ | समूह ख | पूर्णाङ्क : २५ |
| सङ्कायः विज्ञान | | उत्तीर्णाङ्क : १० |
| विषय : नेपाली | | समय : ४५ मि. |

**१.** तल दिइएका वर्णहरूको उच्चारण प्रयत्न र प्राणत्व चिनाउनुहोस् : **(५)**

म, छ, क, स, र

**२. तलका प्रश्नको उत्तर दिनुहोस् :**

**क) तलको अनुच्छेदबाट दुई ओटा उपसर्ग व्युत्पन्न शब्द र दुई ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :** (२)

प्रमुख राजनैतिक दलहरूले गैरजिम्मेवारी बनेर देशलाई अनिर्णयको बन्दी बनाउनु हुँदैन । दलीय कर्तव्यलाई बुझेर सकेसम्म चाँडै नै निकाश दिने काममा केन्द्रित हुनु जरूरी छ ।

**ख) तलको अनुच्छेदबाट सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :(३)**

नेपाल घुम्न आएका पर्यटकहरू नेपालीहरूको स्वागत सत्कार र आतिथ्यलाई पाएर अत्यन्त प्रसन्न हुँदै हँसिलो अनुहार लगाई आफ्नो मुलुक फर्कन्छन् भनेर मैले साथीलाई सुनाएँ ।

**३. ले, लाई, देखि, बाट, मा, जस्ता विभक्तिको प्रयोग गरी पाँच वाक्यमा फरक फरक पाँच ओटा कारक पर्ने गरी कुनै घटनाको वर्णन गर्नुहोस् ।** (५)

**४.तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।** (५)

यसरी दिनरातको पहिरो र हावाको डरमा बाँचेर, दुई एकर जमिनको माटो वर्षमा दुई चोटि पल्टाएर जीविका गर्ने मेलो परिवारको हत्या हो ।

**प्रश्नहरु**

अ) यो भनाई कसको हो ?
आ) के कुरालाई परिवारको हत्या भनिएको छ ?
इ) यस उद्धरणले जीवनको कुन अवस्थाको चित्रण गरेको छ ?
ई) यस भनाइभन्दा लगत्तै अघिको कथा सन्दर्भ के हो ?
उ) यस भनाइपछि कथामा के भएको छ ?

५. 'जन्मभूमि स्वर्गभन्दा पनि महान हुन्छ' भन्ने भनाइप्रति 'म फूल लिएर आउने छु' निबन्धका आधारमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् । (५)

समाप्त